**नेपाल सरकार**

**सामान्य प्रशासन मन्त्रालय**

**सिंहदरबार, काठमाण्डौ ।**

**प्रेस विज्ञप्ती**

निजामती कर्मचारीले वर्षभरीमा गरेको कामको वार्षिक मूल्याङ्कन हुने समयको पूर्वसन्ध्यामा सामान्य प्रशासन मन्त्रालयद्वारा आयोजित "निजामती सेवामा कार्यसम्पादन मूल्याङ्कन तथा बढुवा व्यवस्थापन" सम्बन्धी एक छलफल कार्यक्रम सम्पन्न भयो । बढुवा समितिको सचिवालयमा प्राप्त हुने कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन हेर्दा विगतमा केरमेट भएको, अधुरो, ढिलो तथा अङ्ग पूरा नभएको लगायतका कार्यसम्पादन मूल्याङ्कन फारामहरु प्राप्त भई बढुवामा समेत प्रत्यक्ष असर परिरहेको सन्दर्भमा सामान्य प्रशासन मन्त्रालयले यस कार्यक्रमको आयोजना गरेको हो । मन्त्रालयको सभाहलमा आयोजित उक्त कार्यक्रममा नेपाल सरकारका मन्त्रालय/आयोग/सचिवालय हरुका प्रशासन महाशाखा हेर्ने सहसचिव र उक्त निकायहरु अन्तर्गतका विभागहरुका प्रशासन हेर्ने उपसचिवहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा निजामती सेवामा कार्यसम्पादन मूल्याङ्कन तथा बढुवा व्यवस्था सम्बन्धी एक कार्यपत्र प्रस्तुत गरिएको थियो भने मन्त्रालयको कर्मचारी प्रशासन महाशाखा प्रमुख श्री ईश्वर राज पौडेलले उपस्थित सबैलाई कार्यक्रममा स्वागत गर्नुका साथै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो । साथै वंहाले कार्यसम्पादन मूल्याङ्कन, बढुवा, सरुवा तथा सामान्य प्रशासन मन्त्रालयबाट शुरु हुने अनलाईन सरुवाको विषयमा समेत प्रकाश पार्नु भएको थियो ।

छलफल कार्यक्रममा श्री बेगेन्द्रराज पौडेल, श्री काशीराज दाहल, श्री बीर बहादुर राई लगायत विभिन्न निकायहरुबाट आउनु भएका सहसचिवहरु एवं उपस्थित उपसचिवहरुले आ-आफ्ना जिज्ञासाहरु तथा सुझावहरु राख्नु भएको थियो । कार्य्रकममा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री टंकमणि शर्माले छलफलका क्रममा उठेका जिज्ञासाहरुको सम्बोधन गर्नुका साथै कार्य विवरण, कार्यसम्पादन सम्झौता, वार्षिक लक्ष्य र लक्ष्य नतोकिएका अन्य कामहरुको यथार्थ मूल्याङ्कन गरी कार्यसम्पादन मूल्याङ्कन गर्ने लगायतका कार्यसम्पादन मूल्याङ्कन, बढुवा तथा सरुवा सम्बन्धी विभिन्न समसामयिक निर्देशनहरु दिनुभएको थियो ।